# बुलिङटार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुलिङटार, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन, संकलन बिक्री वितरण तथा निकासी सम्वन्धी सिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५/११/०६**

यस कार्यालयबाट चालु आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार तपशिलका उल्लेखित कार्य गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्रपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलबन्दी बोलपत्र फाराम बुलिङटार गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बुलिङटार गाउँपालिकाको कार्यालय, नवलपरासीमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. सिलबन्दी बोलपत्र खरीद गर्दा आ.व. २०७५/०७६ सम्म नवीकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा आय विवरण पेश गरेको निस्साको प्रमाण पेश गर्नु पर्नेछ ।

३. यसरी खरीद गरिएका सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र प्राप्त हुन आएका सिलबन्दी बोलपत्र सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा बुलिङटार गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. सिलबन्दी बोलपत्रदातालाई सिलबन्दी बोलपत्र दर (रेट) भर्नु अघि सम्बन्धित स्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ । उल्लेखित दररेट स्थलको यथार्थ वस्तुस्थिति बुझि भरेको मानिने छ ।

५. सिलबन्दी बोलपत्रको प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिन हुनेछ ।

७. सिलबन्दी बोलपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम बुलिङटार गाउँपालिकाको कार्यालय, नवलपरासीको रा.वा. बैंक कावासोती शाखामा रहेको धरौटी खाता नं. ३२००३०३००७१०४ ग-३, बैंक कोड नं. ३२० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट यस कार्यलयबाट जारि गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन वढी म्याद भएको वाणिज्य वैंकवाट जारी भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ ।

८. सिलबन्दी बोलपत्र पेश गर्दा खाम वाहिर सिलबन्दी बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रम संख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

९. सिलबन्दी बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछ ।

१३. सिलबन्दी बोलपत्र सम्बन्धि अन्य जानकरी चाहिएमा यस कार्यालय (फोन नं. ९८५७०७०१०७, ९८४९०२८८०८, ९८५५०४८८६२) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपशिल**

| क्र. सं. | ठेक्का क्र.सं. | आयोजनाको नाम | कामको विवरण | उत्खनन परिमाण (घन मिटर) | न्युनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | बैंक जमानत /धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | 14/ BRM/NAW/ 075-076 | नदीजन्य पदार्थहरु (ढुङ्गा गिट्टी, बालुवा तथा मिस्कट) उत्खनन तथा बिक्री वितरण गरी आन्तरिक आय संकलन गर्ने कार्य | बुलिङ्टार गाँउपालिका अन्तर्गतका कालिगण्डकी भाङ्बारी खण्ड, निरनदी खोला, हडाहा, सतीघाट, कोटथारको बक्रम खण्ड, खसुवा रामेस्वर खण्डबाट नदीजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा तथा मिस्कट) उत्खनन तथा बिक्री वितरण गरी आन्तरिक आय संकलन गर्ने कार्य | ३२६०१.३४ | ४६,०१,६७९.२४ | कबोल अंकको ५% |

**प्रमुख प्रशासकीय अधिकृत**